आर्थिक बर्ष : २०७६/७७
वैठक संख्या : ६
मिति : २०७६/०८/०६

आमचोक गाउँकार्यपालिकाको वैठक गाउँपालिकाको अध्यक्ष श्री अशोक राईको अध्यक्षतामा देहाय अनुसारको कार्यपालिकाको पदाधीकारीहरुको उपस्थितिमा वसी देहाय अनुसारको निर्णयहरु पारित गरियो ।

**तपशिल**

| हस्ताक्षर | नाम | पद |
|---|---|---|
| | श्री अशोक राई | : अध्यक्ष |
| | श्री सीता राई | : कार्यपालिका सदस्य |
| | श्री डम्बर बहादुर कार्की | : कार्यपालिका सदस्य |
| | श्री भिम प्रसाद राई | : कार्यपालिका सदस्य |
| | श्री गणेश बहादुर खत्री | : कार्यपालिका सदस्य |
| | श्री नेत्र बहादुर खत्री | : कार्यपालिका सदस्य |
| | श्री राम प्रसाद राई खालिङ | : कार्यपालिका सदस्य |
| | श्री बम बहादुर बस्नेत | : कार्यपालिका सदस्य |
| | श्री राज कुमार राई | : कार्यपालिका सदस्य |
| | श्री उदि मान श्रेष्ठ | : कार्यपालिका सदस्य |
| | श्री बम बहादुर श्रेष्ठ | : कार्यपालिका सदस्य |
| | श्री वाल दिप राई | : कार्यपालिका सदस्य |
| | श्री तुलसी माया ठाडामगर | : कार्यपालिका सदस्य |
| | श्री पवित्र राई | : कार्यपालिका सदस्य |
| | श्री अमरवहादुर वि.क. | : कार्यपालिका सदस्य |
| | श्री सुक माया राई | : कार्यपालिका सदस्य |
| | श्री लक्ष्मण हायु | : कार्यपालिका सदस्य |
| | श्री याम बहादुर उपरकोटी | : सचिव |

**आमन्त्रित सचिवालयका कर्मचारीहरु**

.................... धन कुमार राई : तथ्यांक अधिकृत
.................... ओमकार भट्टराई : नायब सुब्बा
.................... महिनारायण चौधरी : स्वास्थ्य संयोजक
.................... दिपक कार्की : रोजगार संयोजक
-------- भेपाल श्रेष्ठ : सब-इन्जिनियर

**निर्णय नं. १**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आमचोक गाँउपालिकाको लागि प्राविधिक स्टिमेट बमोजिम रकम माग गर्नको लागि तपसिलका योजनाहरु छनौट गर्ने निर्णय गरियो ।

१ धिन्ताङ –ल्हरेमाने –भञ्ज्याङ खर्क सडक निर्माण ( वडा नं १ )
२ हातिपाइलेखोला वासिङथर्पु भन्ज्याङखर्क सडक मर्मत ( वडा नं १ )
३ सान्ताकु पित्लाङ गोरेटो बाटो निर्माण ( वडा नं १ )
४ बतासे दाङ्खा छाप्माखोला सडक निर्माण ( वडा नं २ )
५ यूँ बजार खण्ड सोलिङ ( वडा नं २ )
६ दाङ्खा बोबेक सडक मर्मत ( वडा नं २ )
७ भेत्लाङ खोलादेखी वडा कार्यालय सम्मको बाटो निर्माण ( वडा नं ३)
८ काउलेटार खानेपानी मुहान संरक्षण ( वडा नं ३)
९ लहरेमाने माहादेवस्थान सडक मर्मत ( वडा नं ३)
१० छोङ्खा खेलमैदान निर्माण ( वडा नं ४)
११ ओखरबोटे मयूँग सडक मर्मत ( वडा नं ४)
१२ बयाङ पावला खालिङभन्ज्याङ सडक मर्मत ( वडा नं ५ )
१३ वयाङ पावला गोरेटोबाटो निर्माण ( वडा नं ५ )
१४ चण्डिथान पिक्निक स्पोर्ट निर्माण ( वडा नं ६ )
१५ बयाङ तुम्मा वारताङ सडक मर्मत ( वडा नं ६ )
१६ आदिबासी जनजाती पर्यटन चुलिडाडाँ सडक निर्माण ( वडा नं ७ )
१७ देवान्टार –डुमे –दुम्माना सडक मर्मत ( वडा नं ७)
१८ नकटा जरेकोल गोरेटोबाटो निर्माण ( वडा नं ८ )
१९ तृतिया बजार डाडाटोल सडक निर्माण ( वडा नं ८ )
२० दुम्माना जोगेपाथर सडक मर्मत ( वडा नं ९ )
२१ दुम्माना लाप्ताराङ गोरेटोबाटो निर्माण ( वडा नं ९ )
२२ दुम्माना हैखराङ एखुवाखोला कृषि सडक सोलिङ ( वडा नं ९ )
२३ चिउरीभन्ज्याङ धारापानी सडक मर्मत ( वडा नं १०)
२४ आमचोक सिद्धाथान डाडाँ पर्यटन सडक मर्मत ( वडा नं १०)
२५ घारे सामुदायिक कृषि फर्म व्यवस्थापन ( गाँउपालिका स्तरिय )
२६ आमचोक चिया तथा कफी रोपन कार्यक्रम ( गाँउपालिका स्तरिय )
२७ चण्डिथान गोरेटो बाटो निर्माण ( गाँउपालिका स्तरिय )
२८ बालंखा पुर्नेडाँडा सडक सोलिङ ( गाँउपालिका स्तरिय )

**निर्णय नं. २**

आमचोक गाँउपालिका भित्र रहेका वेरोजगार सूचीमा नाम समावेश भएका १७५५ जना बेरोजगार आवेदकहरुलाई बेरोजगारीको सूचीमा सूचिकृत गर्ने निणर्य गरियो ।

**निर्णय नं. ३**

आमचोक गाँउपालिका अन्तर्गत स्वास्थ्य क्षेत्रमा कार्यरत तपसिलका कर्मचारीहरुलाई तपसिलको स्वास्थ्य संस्थाहरुमा खटाउने निर्णय गरियो ।

१ बालंखा स्वास्थ्य चौकीमा कार्यरत अनमी निशा विष्टलाई स्वास्थ्य चौकी थिदिंखामा ।
२ दुम्माना स्वास्थ्य चौकीमा कार्यरत अनमी सेन्मी राईलाई स्वास्थ्य चौकी यूँमा ।
३ समायोजन भइ आउनु भएका अनमी भूमीका चौधारीलाई दुम्माना स्वास्थ्य चौकीमा ।

**निर्णय नं. ४**

संघीय सरकार अन्तर्गत वनस्पती विभाग मार्फत भोजपुर जिल्ला अन्तगर्त वनस्पती उघ्यान कार्यक्रमको लागि रु ४० लाख बजेट विनियोजन भएकोहुदाँ उक्त कार्यक्रम आमचोक २ मा अवस्थित थामडाँडामा संभावित अध्ययन प्रतिवेदन समेत तयार भईसकेको हुदाँ सो क्षेत्रमा कार्यक्रम संचालन गर्ने प्रस्ताब सहित देविथान महविर सामुदायिक वन अन्तर्गत पर्ने खण्ड १ देवीथान अन्तर्गत अनुमानित ३०० रोपनी जमिन संचालनको लागि वडा र सामुदायिक वनको सहभागितामा संचालनका लागि अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

साविक जिल्ला विकास समिति मार्फत संचालन भइरहेको एखुवाखोला जलविधुत आयोजना सम्बन्धमा आवश्यक जाँचबुझ तथा समन्वयको लागि यस कार्यालयका तथ्याङ्क अधिकृत धनकुमार राईलाई फोकल पर्सन तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

एखुवाखोला जलविधुत डि. पि. आर.को लागि प्रदेश सरकार सगँ रकम माग गर्नका लागि यस गाँउपालिकाको लगानीमा एखुवाखोला जलविधुत प्रि फिजिविलिटी सर्भे रिपोर्ट तयार भइसकेको र उक्त रिपार्ट सहित प्रदेश सरकारको संबन्धित मन्त्रालयमा रकम माग गर्ने निणर्य गरीयो ।

**निर्णय नं. ७**

यस गाउँपालिकाको गाउँ सभाले स्वीकृत गरी खरीद योजना समेत तयारी भई सकेको तपशिल अनुसारको योजना/कार्यक्रम संचालन गर्नको लागि स्वास्थ्य शाखा,योजना शाखा र प्राविधिक शाखाले तयारी गरेको परामर्श सेवा छनौट कार्यगत शर्त स्वीकृत गरीयो । साथै कार्यगत शर्त वमोजिम सेवा प्रदायक संस्था वा परामर्श दाता छनोट गर्नको लागि राष्टिय दैनिक पत्रिका मार्फत २१ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निम्न**

१ औषधी खरिद खर्च रु १० लाख र ८ लाख गरी जम्मा रु १८ लाख

२ अपाङ्ग लक्षित कार्यक्रम रु ८ लाख

३ आदिबासी जनजाती पार्क डिपिआर तयारी चुलिडाँडा, आमचोक ७ रु २ लाख

४ छौंङ्खा साकेन्वा पार्क डिपीआर निर्माण रु ३ लाख

५ दश वर्षे शैक्षिक शिक्षा योजना निर्माण रु २ लाख

६ बालंखा रंगशाला डिपिआर निर्माण , आमचोक ४ रु ३ लाख

७ श्री महायन देक्षेनछ्योलिङ्ग गुम्वा डिपिआर तयार गर्ने , आमचोक १ रु २ लाख

८ आमचोक गाउँपालिका आवधिक योजना निर्माण रु २० लाख

९ आमचोक मोटरवाटो गुरु योजना निर्माण रु ५ लाख

**निर्णय नं. ८**

यस गाउपालिकको वडा नं १० मा उद्धम विकास कार्यक्रम संचालन गर्नको लागि घरेलु तथा साना उद्योग विकास समिति भोजपुरमा माग गर्ने निर्णय गरियो ।

प्रमाणित गरिएको
२०७६/८/७६

प्रमुख प्रशासकीय अधि